# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७७

## सखुवा प्रसौनी गाउँपालिका
## पर्सा ।




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

प्रादेशिक … महानिर्देशनालय
(… प्रदेश नं. २)

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या:२०७६/७७
च.नं. २५८

मिति: २०७७/३/३१

श्री अध्यक्षज्यू,
सखुवा प्रसौनी गाउँपालिका,
पर्सा ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखपारीक्षण ऐन ,२०७५ को दफा २०(३) र दफा २२ प्रयोजनकोलागि अनुरोध छ ।

......................
(विन्दु विष्ट)
नायब महालेखापरीक्षक

## महालेखापरीक्षकको भनाई



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन् ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिकपूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ असाढ २६ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(प्रदेश नं. १ र प्रदेश नं. २)

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या:०७६।७७
च.नं. २५८

मिति: २०७७।३।३१

श्री अध्यक्षज्यू,
सखुवा प्रसौनी गाउँपालिका,
पर्सा ।

**विषय: लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले सखुवा प्रसौनी गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु ८ करोड ५९ लाख ५० हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु ३ करोड ९० लाख ६२ हजार प्रमाण कागजात पेश गर्नुपर्ने रु २ करोड ९१ लाख ९६ हजार नियमित गर्नुपर्ने रु ९८ लाख ९१ हजार र पेश्की बाँकी रु ७८ लाख १ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।१०।२९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना ३२ यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, गाउँपालिका प्रमूख र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

......................
(विन्दु विष्ट)
नायब महालेखापरीक्षक

# सखुवा प्रसौनी गाँउपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७५।७६

**परिचय:** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उदेश्यले यस गाँउपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु गाँउपालिकाको कर्तव्य हो । प्रदेश २ मा अवस्थित यो गाउँपालिका अर्न्तगत ६ वडा रहेको छ ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७५।७६ को स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| आयतर्फ | | | व्ययतर्फ | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| गत वर्षको जिम्मेवारी | | ९४३७१७६७६२ | | | |
| क) नगद | ०।०० | | चालु खर्च | | २३९४५६८३७७ |
| ख) बैक | ९४३७१७६७६ | | क) राजश्व बाडफाड | ५६९००००२।५ | |
| राजश्व ( आन्तरीक आय) | | ५८४०६०४४।९६ | ख) वित्तिय समानिकरण चालु | ९२५७९६५।२४ | |
| क)आन्तरीक राजश्व | १५०६०४२।४६ | | ग)सर्शत अनुदान | १०५५७६०८६।४ | |
| | | | सर्शत अनूदान फिर्ता | १९५७०९१३।६ | |
| ख)राजश्व बाडफाड | ५६९००००२।५ | | घ)राष्टपति चुरे तराई मधेश संरक्षण विकास समिति | ७४८७५।० | |
| | | | राष्टपति चूरे तराई मधेश संरक्षण विकास समिति निकासा फिर्ता | ६२५१२५।० | |
| ग) अन्य आय | | | ङ)प्रदेश तथा स्थानिय तह क्षमता विकास कार्यक्रम | ३०५०००।० | |
| वित्तिय हस्तानान्तर | | ३०४२१७०००।० | च)बहुक्षेत्रिय पोषण कार्यक्रम | १४६१०००।० | |
| क) वित्तिय समानिकरण अनुदान | १०६४००००० ।० | | छ)प्रधानमन्त्री रोजगार कार्यक्रम | २७१९३०३।० | |
| | | | प्रधानमन्त्री रोजगार कार्यक्रमको निकासा फिर्ता | ४०३६९७।० | |
| ख) सर्शत अनुदान | १२५१४७०००।० | | ज)सामाजिक सुरक्षा | ३६९५३६००।० | |
| | | | सामाजिक सूरक्षा निकासा फिर्ता | ४१२७४००।० | |
| ग) समपुरक अनुदान | ०।० | | झ)प्रदेश सरकार सर्शत अनुदान | १४८१८७०।० | |
| घ) विशेष अनुदान | | | धरौटी फिर्ता | २२०२५१४।० | २२०२५१४।० |
| १) तराई मधेश समृदि कार्यक्रम | ९००००००।० | | पुजिगत खर्च | | १३५९२४३९२।६० |
| २) स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम | १२००००००।० | | क)वित्तिय समानिकरण अनुदान | १०९९२४३९२।६० | |
| ३) झुलुगे पुल क्षेत्रगत कार्यक्रम | ५००००००।० | | ख)झुलुगे पुल क्षेत्रगत कार्यक्रम | ४८४२८९४।१९ | |
| | | | झुलुगे पुल क्षेत्रगत कार्यक्रमको निकासा फिर्ता | १५७१०५।८१ | |
| ४) राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति | ७००००००।० | | ग)स्थानिय पुर्वाधार विकास साझेदारी कार्यक्रम | ७१०९१२१।८५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | स्थानिय पुर्वाधार विकास साझेदारी कार्यक्रम निकासा फिर्ता | ४८९०८७८।१५ | |
| ५) प्रदेश तथा स्थानिय तह क्षमता विकास कार्यक्रम | ३०५००००।० | | घ)तराई मधेश समृदि कार्यक्रम | ५३३८५१६।० | |
| | | | तराई मधेश समृदि कार्यक्रमको निकासा फिर्ता | ३६६१४८४।० | |
| ६) बहुक्षेत्रिय पोषण कार्यक्रम | १४६१०००।० | | लगानी | | |
| ७) प्रधानमन्त्री रोजगार कार्यक्रम | ३१२३०००।० | | कोष खर्च | | |
| ८) सामाजिक सुरक्षा | ४१०८१०००।० | | वित्तिय व्यवस्था भुतानी | | |
| प्रदेश सरकारबाट प्राप्त अनुदान | | १०८५३०००।० | क)ऋण भुतानी | | |
| क) वित्तिय समानिकरण | २७०५०००।० | | ख)ब्याज भुतानी | | |
| ख) सर्शत अनुदान | ५००००००।० | | ग)अन्य भुतानी | | |
| ग) समपुरक अनुदान | ०।० | | मौज्दात | | ९५३३८२७१।२४ |
| घ) राजश्व बाडफाड | ३१४८०००।० | | क) नगद मौज्दात | | |
| अन्तर स्थानिय तहबाट प्राप्त | ०।० | | ख) बैक मौज्दात | ९५३३८२७१।२४ | |
| धरौटी आय | ५०७४२०३।० | ५०७४२०३।० | | | |
| लगानीको सावा फिर्ता | ०।० | | | | |
| अन्य विविध आय | ०।० | | | | |
| | **जम्मा** | ४७२९२२०१५।५८ | | ४७२९२२०१५।५८ | |

| **बजेट उपशिर्षक : विभिन्न    कार्यालय :- श्री सखुवा प्रसौनी गाउँपालिकाको कार्यालय, पर्सा ।    आर्थिक बर्ष : २०७५/०७६** | | |
|---|---|---|
| **दफा** | **लेखापरीक्षणबाट देखिएको व्यहोरा** | **रकम** |
| १. | **आर्थिक विवरण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ अनुसार गाँउ कार्यपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्ने व्यवस्था छ । यस गाँउ कार्यपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको स्थिति समेत मुल्यांकन गर्न सकिने स्थिति देखिएन । | |
| **२.** | **वित्तीय विवरण :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाँउ कार्यपालिकाले प्रत्येक वर्ष साउन एक गते देखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । साथै कार्यपालिकाले सोही ऐनको दफा ६९ मा तोकीए अनुसार आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्ने व्यबस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्:<br>● लेखापरीक्षणका क्रममा अद्यावधिक पेश्की खाता नराखेकोले कार्यालयले पेश गरेको आय-व्यय विवरण यथार्थ मान्न सकिएन ।<br>● बैंक हिसाब समायोजनको विवरण प्राप्त हुन नसकेको ।<br>● जिन्सी खाता अद्यावधिक र प्रमाणित नभएको ।<br>● बैक नगदी किताब प्रमाणित नभएको ।<br>त्यसैले तोकिए बमोजिमका वित्तीय विवरणहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी आय व्ययको लेखांकन गर्नुपर्दछ । | |
| **३.** | **आन्तरीक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाँउ कार्यपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । कार्यपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत रु. १५ लाख५६ हजार मात्र प्राप्त गरेको छ । ढुङ्गा ,गिट्टी, बालुवाको ठेक्का तथा स्थानिय करका अन्य स्रोतहरुको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्ने र संघिय अनुदान घटाउदै लाने तर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| **३.१** | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाँउ कार्यपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । | |

कार्यपालिकाले आर्थिक वर्ष २०७५।०७६ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३७५३८१२३०.००.३० | १५०६०४२.४६ | ०.४० प्रतिशत |

उपरोक्त विवरण अनुसार कार्यपालिकामा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०।४० प्रतिशत मात्र रहेको छ । त्यसैले कार्यपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गरी आत्मनिर्भर बन्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४. **आय-व्ययको लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा कार्य पालिकाले नेपाल सरकारले निर्धारण गरेबमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शीर्षकसम्बन्धी ब्यवस्था अवलम्बन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष एकल खाता कोष प्रणालीबाट सञ्चालन गरी भुक्तानी गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता, बहुक्षेत्रीय पोषण, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको बजेट स्थानीय तहको सञ्चित कोषमा जम्मा गरेर खर्च गरेको, चालु र पूँजीगत खर्च शीर्षकको विनियोजन तथा नेपाल सरकारको आय तथा व्यय शीर्षकको शीर्षकगत लेखाङ्कन पालना स्थिति कमजोर रहेको, योजनागत खाता अद्यावधिक हुन नसकेको देखिन्छ । कार्यालयले तोकिएको विनियोजन तथा खर्च प्रणाली अवलम्बन गर्दै आय तथा व्ययको शीर्षकगत परिपालनामा विशेष ध्यान दिनुपर्दछ । साथै योजनागत रुपमा कार्यक्रम खाता राख्नु पर्दछ ।

५. **मध्यकालिन खर्च संरचना :** अन्तर–सरकारी वित्त ब्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो कार्यक्षेत्र भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहीत मध्यकालिन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । गाँउ कार्यपालिकाले सार्वजनिक खर्च ब्यवस्थापनलाई प्रभावकारी बनाउने मध्यमकालिन खर्च संरचना कार्यान्वयनमा ल्याएको छैन । स्रोतको बितरणमुखी प्रवृत्तिलाई नियन्त्रण गर्न, स्रोतसाधनलाई प्राथमिकताप्राप्त क्षेत्रमा प्रवाह गर्न तथा योजनाहरुलाई लागतलाभ विश्लेषण गरी लागतप्रभावी बनाउन मध्यकालिन खर्च संरचनालाई कार्यान्वयन गर्न कार्यालयले ध्यान दिनुपर्दछ ।

६. **चेक सटहि र श्रेस्ता हिसाबमा फरक-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ वमोजिम आय व्यय ठिक सँग भएको र लेखाकंन गरेको कुरामा विश्वस्त हुनुपर्ने व्यवस्था छ । यस गाँउ कार्यपालिकाको २०७५।४।१ देखि २०७५।९।३० सम्मको बैंक नगदी किताब र बैंक स्टेटमेन्ट भिडान गर्दा बैंक नगदी किताब र गोश्वारा भौचरमा अभिलेख जनाए भन्दा रु. **२९४००१८९.००** बढी बैक बाट रकम झिकेको देखियो । यसै गरी चालु खर्च तर्फ पनि सोहि अवधिमा बैंक नगदी किताब भन्दा बैंक स्टेटमेन्टमा बढी खर्च देखिएको रु.**३७०३३२५.४०** समेत रु. **३३१०३५१४.४०** रकमको सम्बन्धमा छानबिन गरी हिसाव मिलान वा असूल हुनुपर्ने रु.... **३३१०३५१४.४०**

| **बिबरण** | | | **बैंक नगदी अनुसार पौष मसान्त सम्मको खर्च** |
|---|---|---|---|
| **पूजिगत खर्च, राष्ट्रिय वाणिज्य बैंक खाता नम्बर , १२५०३०२०२६२१२** | | | |
| आ.ब., २०७४।७५ को मौज्दात | | ७१४२७६३४.६३ | |
| २०७५।९।३० सम्मको आम्दानी | | २००००००.०० | |
| २०७५।६।४ | १०००००००.०० | | |
| २०७५।९।४ | १०००००००.०० | | |
| **जम्मा आम्दानी** | | **९१४२७६३४.६३** | |
| २०७५।५।२९ मा संचित कोष फिर्ता | ४६५४८८७५.६३ | | |
| २०७५।४।१ देखि २०७५।९।३० सम्म जारी भएका बिभिन्न चेकहरुको खर्च | **४४३७३२८२.००** | | १४९७३०९३.०० |
| **कुल खर्च** | | - **९०९२२१५७.६३** | ० |
| पौष मसान्त सम्मको बैक मौज्दात | | ५०५४७७.०० | |
| बैंक नगदी भन्दा बैंक स्टेटमेन्टमा बढी खर्च देखिएको | | | **२९४००१८९.००** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **चालु खर्च तर्फ** | | | | | |
| | बैंक स्टेटमेन्ट अनुसारको खर्च | | ६८७३६५०२.०० | | | |
| | बैक नगदी किताब अनुसारको खर्च | | ६५०३३१७७.०० | | | |
| | बैंक स्टेटमेन्टमा बढी खर्च | | | **३७०३३२५.४०** | | |

**६.१** दफा ६ बमोजिम फरक परेको रकम मध्ये निम्न चेकको रकम लेखापरीक्षणको क्रममा राष्ट्रिय वाणिज्य बैंकमा रहेको पुँजिगत र चालु खर्च खाताको बैक नगदि किताब तथा गोश्वारा भौचरमा अभिलेख नजनाएको रु **५२५३९१७.००** रकम बैंक स्टेटमेन्टबाट झिकेको देखिएकोले अनधिकृत रुपमा चेक सटहि भएको देखिदा जिम्मेवार पदाधिकारीलाई प्रचलित कानुन वमोजिम कारवाही गरी उक्त रकमको व्याज सहित यथाशिघ्र असुल गर्नु पर्दछ। बैंक स्टेटमेन्टमा बढी खर्च देखिएको बाँकि रकमको सम्बन्धमा समेत अनियमितता भएको हुन सक्ने देखिदाँ छानबिन गरी यकिन गर्नु पर्दछ। साथै कार्यपालिकाको अन्य बैंक खातमा समेत यस प्रकारको अनियमितता भए नभएको छानबिन गरी यकिन गर्नु पर्दछ।

यस सम्बन्धमा कार्यपालिकाले च.नं. ९१५ मिति २०७६।१२।०३ को प्रतिक्रियासाथ लेखापरीक्षणमा पेश नभएका र बैंक नगदी किताबमा समावेश नभएका बिलभरपाईहरुलाई बिभिन्न भौचरहरुको पछाडी (क) थप गरी (१क, २क, ३क, ५क, ७क, ९क, १७क, २३क, ३४क लगायत) पेश भएको छ। बैंक नगदी किताबमा समावेशनै नभएका नयाँ खडा गरीएका भौचरहरु प्रतिक्रियासाथ पेश भएबाट कार्यपालिकाले लेखापरीक्षणमा पेश गरेको वित्तिय विवरणहरुले सहि र यथार्थ चित्रण गरेको देखिएन।

| सि.नं. | चेक नं. | चेक रकम | बैंक स्टेटमेन्ट वमोजिम चेक लिने |
|---|---|---|---|
| | **पुँजिगत खर्च १२५०३०२०२ - ६२१२** | | |
| १ | ००३१७८०९०६७५०१५५ | २१७०५.०० | बाबा अटो |
| २ | ००३१७८०१५७१४२२०६७५३ | ५५७५०.०० | राडेजिङ |
| ३ | ०२४०६७५०३१७८०१६२ | ५९७४८६.०० | अउराही |
| ४ | ००३२८०६७५१७८०१६५ | ६५४९१७.०० | कुटुनीमाई |
| ५ | ००३१७८०१६७ | २८०५५०.०० | जसौली |
| ६ | ००२९०६७५३१७८०१६९ | ४४७२७.०० | मुस्नीमाई |
| ७ | ००३१२९०६७५ | २०९३७७.०० | मुक्ती प्र कुर्मी |
| ८ | ००३१७८०१०४०७७५ | २३७०८३.०० | पुल निर्माण |
| ९ | १९०७७५००३१७६१०६३ | ५८३५१.०० | खानेपानी |
| १० | ००३१७६१०६५२६०७७५ | ३७४३०.०० | |
| ११ | ००३१०४०९७५७६१०७५ | १४७७५००.०० | नेपाल राष्ट्रिय |
| १२ | ००३१७१६१०८६ | २९५५००.०० | एपोलो |
| १३ | ००३१२०९७५१७६१०८५ | ४८६२०१.०० | डिम्स मेडिसिन |
| १४ | ००३१७६१०७१ | २१३७२७.०० | विशाल |
| १५ | ००३१७६१०८९ | २९०९७५.०० | बहुदर |
| १६ | ००३१७६१०९४०२१०७५ | ९८१२०.०० | कम्पदार |
| १७ | ००३१७०३१०७५६११०० | ३४४७५.०० | विनोद प्रसाद |
| | **चलुखाता, १२५०३०२०१६११२** | ० | |
| १८ | ००३२४६८९५५ | १११०९८.०० | प्रदिप जयसवाल |

| | | | | | |
|---|---|---|---|---|---|
| | १९ | ००३२७३१५०४०९७५ | ४८९४५.०० | पवनपुत्र | |
| | | **जम्मा** | **५२५३९१७.००** | | |

बैक नगदि किताबमा समावेश नभएका तर प्रतिकिया साथ पेश भएको केहि गोश्वारा भौचरहरु निम्न छन:




**लेखापरीक्षणमा पेश भएको बैंक नगदि किताबको पहिलो पेज**







**लेखापरीक्षणमा पेश नभएको र बैंक नगदि किताबमा समेत समावेश नभएको तर प्रतिकिया साथ थप गरी पेश भएको केहि गोश्वारा भौचरहरु**

**६.२** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा बिलभरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यपालिकाले बैंक नगदी किताबमा प्रविष्ठी गरी निम्न भौचरहरुबाट निम्नानुसारको खर्च लेखेकोमा बिल भरपाई नराखी खर्च प्रविष्टि गरेका देखियो । उक्त खर्चको विल भर्पाई पेश भएको तथा गाउ कार्यपालिकाको बैठकबाट बिलभर्पाई रहेको भनी प्रतिक्रियासाथ फछर्यौटका लागि अनुरोध भएको छ । तर लेखा प्रमुखले बिलभरपाई बेगर खर्च गरेको भनी दस्तखत गरीदिएको प्रमाण लेखापरीक्षणको क्रममा पेश

भएकोले आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च गर्दाकै बखत बिल भरपाई पेश गर्नु पर्नेमा खर्च गरे पश्चात बिल भरपाई पेश गर्ने कार्य कानुन सम्मत देखिएन । रु.... **१४७५२६४.००**

| भौ.नं.मिति | विवरण | रकम |
|---|---|---|
| ५७-२०७५/७/२६ | सेवा र परामर्श | २१६१६०.०० |
| ७४-२०७५/८/१७ | विविध खर्च (भौचर भएको विल भर्पाई नभएको) | २२५००.०० |
| ११६-२०७५/९/२९ | न्यायीक समितिका मेलमिलापकर्ताको लागि आधारमुत तालिम | १५००००.०० |
| ११७-२०७५/९/२९ | सार्वजनिक सम्पती मर्मत तथा संभार | ४००००.०० |
| १२१-२०७५/९/२९ | करार कर्मचारीको तलब | १३२०००.०० |
| १२५-२०७५/९/२९ | नक्सा अभिलेख विवरण | २५०००.०० |
| १३३-२०७५/९/२९ | बैठक भत्ता | ५२९४१.०० |
| १४२-२०७५/९/२९ | कार्यालय सामान | ३५०००.०० |
| २८-२०७५/६/२८ | फुटबल टुर्नामेन्ट पुरस्कार | ३००००.०० |
| | **चालु जम्मा** | **७०३६०१.००** |
| ६ क पूजिगत | पारसनाथ मन्दिर पुन: निर्माण कार्य | ७७१६६३.०० |
| | **कुल जम्मा** | **१४७५२६४.००** |

उक्त खर्च रकम मध्ये सहलेखापाल श्री संजय पटेलले यस गाँउपालिकाबाट २०७५।९।३० पछि सरुवा भई जिरा भवानी गाउपालिका पर्सा गएकोमा बरबुझारथ गर्ने क्रममा आफुले निम्न रकम बिलभरपाई बेगर खर्च गरेको भनि घोषणा गरी दस्तखत गरी दिएको देखिन्छ ।


सखुवा प्रसौनी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
सखुवा प्रसौनी, पर्सा
२ नं. प्रदेश नेपाल

जिन्सी सामानहरुको विवरण:-

| क.सं. | जिन्सी सामानहरुको नाम | परिमाण(थान) | कैफियत |
|---|---|---|---|
| १. | ल्यापटप Dell/Hp Is | १+१= २(दुई) थान | |
| २. | मोबाईल Huwei Nova 3i | १(एक) थान | |
| ३. | सिम कार्ड ९८५५०३६३३१ | १(एक) थान | |

बुझाउने:- रोहबर बुझिलिने

नाम,थर:- पद:- दस्तखत:-

नाम,थर:- पद: दस्तखत:-

नाम,थर:- पद:- दस्तखत:-

**७.** **आन्तरीक नियन्त्रण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रर्णाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाँउ कार्यपालिका तथा वडा कार्यालयहरुले आन्तरीक लेखापरीक्षण नगराएको, राजश्व आम्दानी गर्दा दैनिक आम्दानी रजिस्टर नराखेको, समयमा राजश्व दाखिला नगरेको, कर्मचारीलाई कार्यबिबरण नदिएको, जोखिम पहिचान नगरेको, सोझै खरीद गरेको लगायतका कमि कमजोरीहरु देखिएको छ । कार्यपालिकाको आन्तरीक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्दछ ।यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम

| | | |
|---|---|---|
| | छन्: <br>● कार्यपालिकाले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको छैन । <br>● आम्दानी र खर्चको बैक नगदी तथा अन्य खाताहरु जोड जम्मा गरी प्रमाणित गरेको छैन । तसर्थ कार्यपालिकाले पेश गरेको वित्तिय विवरणले सहि र यथार्थ चित्रण गर्दैन । <br>● कार्यपालिकामा समयोजन भई आएका साविकका गा.वि.स. र विषयगत कार्यालयबाट हस्तान्तरण भई आएका जिन्सीको अवस्था देखिने गरी विवरण तयार गरेको छैन । <br>● कार्यपालिकाको वडा कार्यालय र विषयगत शाखामा छुट्टा छुट्टै जिन्सी खाता राखेको र जिन्सी सामानको एकीकृत विवरण समेत नबनेको, <br>● कार्यपालिकाको मूल जिन्सी खातामा सबै जिन्सी सामानको आम्दानी नजनाई वडागत रुपमा जिन्सी खाता तयार गरेबाट जिन्सी सामान एकिन गर्न नसकिएको । <br>● कतिपय कारोबारहरु मूल्य अभिवृद्धि कर बेगरका फर्मसँग गरेको । <br>● कार्यपालिका क्षेत्र भित्र कोष प्रमाणित तथा भ्रमण प्रतिवेदन बेगर अनुगमन तथा दैनिक भ्रमण भत्ता खर्च लेख्ने गरेको । <br>● विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रम समेत बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठी तर्फ केन्द्रीत भई वितरणमुखी मात्र देखिएको । <br>● सार्वजनिक खरिद नियमावली बमोजिम कार्यालयले खरिद गुरु योजना तथा वार्षिक खरिद योजना तयार नगरी खरिद कारबाही संचालन गरेको । <br>● कार्यपालिकाले तोकिए बमोजिम Sub-National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्नेमा सो गरेको छैन । <br>● महालेखा नियन्त्रक कार्यालयबाट जारी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या अनुसार एकीकृत आर्थिक संकेत प्रयोग गरेको छैन । <br>● विगत वर्षको बेरुजु लगत अद्यावधिक गरेको छैन । बेरुजु फर्छ्यौटलाई प्राथमिकता दिएको छैन । <br>● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम श्रोत नक्सांकन वा गाँउपालिकाको प्रोफाईल तयार गरेको छैन । <br>अत: तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ । | |
| **८.** | **आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै नियमित गराउनु पर्ने नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्ने असुल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले आ.व.२०७५।७६ को आन्तरिक लेखापरीक्षण गराएको छैन । ऐनमा भएको व्यबस्था कार्यान्वयन गरी आन्तरीक नियन्त्रण प्रणाली र वित्तिय अनुशासन मजबुत बनाउनु पर्दछ । | |
| **९.** | **आ.ले.प.शाखा :** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाँच एवं आर्थिक कार्यप्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था छ । यस गाँउपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरेको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस गाँउ कार्यपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| **१०.** | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाँउ कार्यपालिका तथा कार्यपालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको कार्यपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्ने व्यवस्था छ । यस गाँउ कार्यपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख एकिन गरी अध्यावधिक लगत तयार नगरेकोले गाँउ कार्यपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |

| | | |
|---|---|---|
| ११. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका नगर कार्य पालिका वा नगर कार्य पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था छ । गाँउ कार्यपालिकाले सो बमोजिम सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| १२. | **तलबी प्रतिबेदन :** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले पालिका अन्तरर्गतका कर्मचारीहरुको तलबी प्रतिवेदन पारित नगरी रु. ३७ लाख १५ हजार तलबमा खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नहुँदा तलब तथा ग्रेडसमेत यकिन हुन सकेन । तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| १३. | **प्रोत्साहन भत्ता** - स्थानिय सरकार सन्चालन ऐन, २०७४ को दफा ८६ मा स्थानिय सेवाको शर्त तथा सुविधा सम्वन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघिय कानून बमोजिम हुने र त्यसरी प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोके बमोजिम हुने व्यवस्था छ । सो विपरित निम्न कर्मचारीलाई प्रोत्साहन भत्तामा रु. **१४३१३७.००** बितरण गरी खर्च लेखेको छ । कानूनमा स्पष्ट उल्लेख गरे भन्दा फरक कार्यमा खर्च गर्दा स्पस्ट आधार एवं कार्यबिधि निर्माण गर्नु पर्दछ । दैनिक प्रशासनिक कार्य संचालन तथा पुजिगत खर्च व्यवस्थापनको लागि संघिय सरकारको अनुदानमा आश्रित रहेको गाँउपालिकाले यस किसिमको भत्ता बितरण गर्न मिल्दैन । वित्तिय रुपमा आत्मनिर्भर भए पश्चात मात्र यस किसिमको खर्च गर्नु पर्दछ । रु. | **१४३१३७.००** |

| सि.नं. | पद | नाम | रकम |
|---|---|---|---|
| | भौ.नं. ३०।२०७५।६।२८ | | |
| १ | प्रमुख प्रशासकिय अधिकृत | महमद शेरे मुस्तफा | ३००००.०० |
| २ | सह लेखापाल | संजय पटेल | १८०००.०० |
| | भौचर नम्बर ४१७२०७६।३।३० | | ० |
| ३ | प्रमुख प्रशासकिय अधिकृत | सन्देश कुमार यादव | ५८५५७.०० |
| ४ | सहलेखापाल | अकलेश कुमार सहनी | ३६५८०.०० |
| | | **जम्मा** | **१४३१३७.००** |

| | | |
|---|---|---|
| | **कार्यक्रमगत खर्चको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| १४. | **लक्ष्य प्रगति :-** कार्यालयको चौमासिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय योजनाको नियम बमोजिमको उल्लिखत ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । | |
| १५. | **योजना सूचीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलप्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । सो अनुसार दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचि तयार गरेको पाईएन । योजना तयारी सम्बन्धी उक्त व्यवस्थाको पालना गरिनु पर्दछ । | |
| १६. | **सभाको निर्णय** - मिति २०७५।६।२२ मा सम्पन्न गाँउ कार्यपालिकाबाट पारित विभिन्न क्षेत्रगत कार्यक्रम कार्यान्वयनको स्थितिसहितको सभाको निर्णय र प्रतिवेदन माग गरिएकोमा उपलब्ध हुन सकेन । अत सभाको निर्णय कार्यान्वयन स्थिति प्रतिवेदन तयार गरी वर्षान्तमा समिक्षा गर्नुपर्दछ । | |
| १७. | **गाँउ प्रोफाइल :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, | |

| | | |
|---|---|---|
| | खानेपानीलगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको गाँउ कार्यपालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । कार्य पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन वा गाँउ प्रोफाइल तयार गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ कार्यपालिकाले अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| **१८.** | **वीमाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु १० लाख भन्दा बढिको निर्माण कार्य गर्दा मेशिन, औजार वा प्लाण्ट लगायतको विमा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले पुर्बाधार बिकासका कार्यक्रमहरुको बिमा गरेको छैन । | |
| | **राजश्व तथा आन्तरिक आयको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| **१९.** | **राजश्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । यस गाँउ कार्यपालिकाले राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । राजश्व आम्दानीको सबै वडा कार्यालयहरुले दैनिक अभिलेख खाता नराखेको, बैंक दाखिला अभिलेख खाता नराखेको, समयमा बैंक दाखिला नभएको आदि कारणवाट कार्यपालिकाको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ ।<br>कार्यालयले दैनिक आम्दानी खाता, आम्दानी बैक दाखिला खाता नराखेको, ढिला दाखिला गरेको आदि कारणहरुले मालपोत तथा अन्य सिफारीशबापतको राजश्व वडा अध्यक्ष तथा वडा सचिबबाट जे जति दाखिला भयो त्यसलाईनै आधार लिई हिसाब यकिन नगरी गाँउ कार्यपालिकाले आम्दानी जनाएको रु. १५ लाख ६ हजार यथार्थपरक देखिएन । आन्तरीक नियन्त्रण प्रणालीलाई मजबुत बनाई बास्तबिक राजश्व रकम यकिन गर्नु पर्दछ । | |
| **१९.१** | **रसिद नियन्त्रण खाता :** कार्यालयले राजस्व असूली तथा आन्तरिक आम्दानी गर्दा नगदी रसिदको प्रयोग गर्नुपर्ने र नगदी रसिद नियन्त्रण खाता राख्नुपर्ने व्यवस्था छ । कार्यालयले नगदी रसिद छपाई, गत वर्षको मौज्दात र खर्च तथा जिम्मेवारी सारेको परिमाण देखिने गरी रसिद नियन्त्रण खाता राखेको छैन । रसिद नियन्त्रण खाता नराखेकोले राजस्व असुलीमा प्रयोग भएको रसिदबाट असुल भएको सबै रकम दाखिला भएको छ भन्न सकिने आधार भएन । अतः कार्यपालिकाले छानविन गरी यथार्थ आम्दानी यकिन गर्नु पर्दछ । | |
| **१९.२** | **मनोरञ्जन कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा गाँउ कार्यपालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस कार्यपालिकाको क्षेत्र भित्रवाट उठनु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | |
| **१९.३** | **व्यवसाय कर :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा गाँउ कार्यपालिकाले आफ्नो कार्यक्षेत्रभित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट ब्यवसाय कर उठाउन सक्ने ब्यवस्था रहेको छ । यस गाँउ कार्यपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नुपर्नेमा व्यवसायीहरुको लगत राखी उक्त लगत अद्यावधिक गरी लगतमा भएका सम्पूर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाइएन । कार्यपालिका क्षेत्रभित्रका व्यवसायीको अभिलेख राखी करको दायराभित्र ल्याउनुपर्दछ । | |
| **१९.४** | **राजश्व दाखिला** : प्रदेश आर्थिक कार्यविधि ऐन अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अर्न्तगत ६ वटा वडा र गाँउ कार्यपालिकामा प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरण पेश गरेको छैन । लेखापरीक्षणको क्रममा पेश भए सम्मका नगदी रसिद तथा बैंक दाखिला भउचर अनुसार निम्नानुसारको आम्दानी रकम दाखिला भएको नदेखिएकोले २५ प्रतिशत | |

| | | |
|---|---|---|
| | जरीवाना सहित प्रचलित कानुन बमोजिम कारबाहि गरी असूल गर्नु पर्दछ । रु.... <br> वडा नम्बर ३ को आम्दानी रसिद पेश नभएको र एउटै नम्बरको १५१ देखि २०० सम्मको रसिद ठेली ९ थान लेखापरीक्षणमा पेश भएको छ । अन्य रसिद ठेली समेत एकै नम्बरको छपाएको हुन सक्ने देखिदा कार्यपालिकाले छानबिन गरी यकिन गर्नु पर्दछ । | १७८४६६.०० |
| | **खरिद व्यबस्थापनको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| २०. | **बार्षिक खरिद योजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस गाँउ कार्यपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना नबनाई चालु खर्च तर्फ मसलन्द तथा कार्यालय सामग्री रु. ३० लाख बोलपत्र समेत नगरी पटक पटक सोझै खरीद गरेको देखियो । अतः कार्यपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना बनाई मितव्ययी र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| २१. | **सवारी साधन खरिद**–स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका, २०७४ को दफा ५.१५ मा नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनका लाागि सवारी साधन खरिद गर्न नसकिने व्यवस्था छ । गाँउपालिकाले यस वर्ष निम्नानुसार सवारी साधन खरीद गरी रु. **८११७१५८.००** खर्च गरेको छ । वित्तीय समानीकरण अनुदानबाट सवारी साधनमा यति ठुलो धनराशि खर्च गरेको नियमसम्मत देखिएन । | |

| सि.नं. | भौचर नम्बर, मिति | सवारी साधनको नाम | खरीद संख्या | रकम |
|---|---|---|---|---|
| १ | ८८-२०७६/२/७ | महिन्द्रा स्करपियो जिप | १ | ७१२००००.०० |
| २ | ६७-२०७५/१२/२० | मोटर साईकल | १ | ३१२४५८.०० |
| ३ | ३९-२०७५/१०/१३ | स्कुटी | २ | ४०४८००.०० |
| ४ | ७०-२०७५/१२/२९ | मोटर साईकल | १ | २७९९००.०० |
| | | **जम्मा** | | **८११७१५८.००** |

| | | |
|---|---|---|
| २२. | **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| २३. | **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने, जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कार्यले कानूनी व्यवस्थाको पालना भएको पाईएन । | |
| २४. | **उपभोक्ता समिति छनौट -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समूदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समूदायको व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने ब्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौतापूर्वका उक्त प्रकृया पालना गरेको देखिएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र | |

| | | |
|---|---|---|
| | प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनुपर्दछ । | |
| २५. | **खर्च अनुमोदन–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समूदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट सञ्चालित योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका र बिल भुक्तानीको लागि प्राविधिक मूल्याङ्कन पेश गर्ने गरेको भएता पनि अन्य बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु समितिको पूर्ण बैठकबाट खर्च अनुमोदन गरेको प्रमाण र सार्वजनिक तथा सामाजिक लेखापरीक्षण गरी सोको प्रमाण पेश गर्ने गरेको छैन । कार्यालयले समेत अनुगमन समितिको खाली प्रतिवेदनमा हस्ताक्षर गरेको आधारमा खर्चको सुनिश्चितता यकिन गरी भुक्तानीको लागि पेश गर्ने गरेको अवस्था देखिन्छ । नियमको प्रावधान बमोजिम कागजात पेश गर्न लगाई खर्च थप पारदर्शी एवं यथार्थपरक बनाउनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| २६. | **योजना हस्तान्तरण**: निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी योजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्नेमा कार्यालयबाट सञ्चालित बार्षिक विनियोजन भएका योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका सम्झौता अनुसारको कार्यको मात्र कार्य सम्पन्न प्रतिवेदन बनाई बार्षिक कार्यक्रम अनुसारको योजना सम्पन्न भएको यकिन गर्ने पद्धतीको कारण योजना पूर्ण रुपमा सम्पन्न हुने स्थिति नरहेको देखियो । योजनाहरु सम्पन्न भैसकेपश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि सञ्चालन गरिएका योजना सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारी समेत सुम्पिई हस्तान्तरण गर्ने गरेको छैन । समयमा नै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समितिमै रहने गरी हस्तान्तरण गर्ने कार्यमा सम्बन्धित निकायको ध्यान जानुपर्दछ । | |
| २७. | **सार्वजनिक तथा सामाजिक परीक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । गाँउ कार्यपालिकाबाट बार्षिक सम्पन्न योजनाहरु कार्यालयको सेवाप्रबाह सम्बन्धमा सार्वजनिक सुनुवाई गरे तापनि सामाजिक परीक्षण भए गरेको पाईएन । ऐनले तोकेअनुसार कार्यान्वयन भएका योजनागत विकास निर्माणका कार्यको सामाजिक परीक्षण गर्ने व्यवस्था सुरु गर्नुपर्ने देखिन्छ । | |
| २८. | **गुणस्तर परीक्षण:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । कार्यालयबाट निर्माण भएका संरचनाहरु खरिद गरिएका यन्त्र उपकरण, ल्यापटप, ग्याबियन, सिमेन्ट, पाईप लगायतको भुक्तानी गर्दा सामानको गुणस्तर परीक्षण गरेको छैन । अतः खरिद भएको निर्माण सामाग्री र औजारहरुको गुणस्तर सम्बन्धमा सुनिश्चित गरिनुपर्दछ । | |
| २९. | **योजना छनौट र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । गाँउ सभाबाट स्वीकृत २०७५/७६ को योजनाहरु अध्ययन गर्दा अधिकांस योजनाहरु ५ लाखभन्दा कमको रहेको देखियो । न्यून बजेट भएका योजनाहरुको मितव्ययीता, कार्यदक्षता र प्रभाबकारीता तिनै बिषयमा लाभदायक देखिदैन । योजनाहरुको प्राथमिकिकरण गरी महत्वपूर्ण योजनामा मात्र खर्च गर्नु पर्दछ । कार्यपालिकाबाट एक लाख भन्दा पनि घटीका देहायका योजनामा ९ लाख १७ हजार खर्च गरेको छ । साना साना योजनमा बजेटको छरौट गर्दा उपलब्धी मापन गर्न कठिनाई हुने र मितव्ययी तवरले खर्च नहुने स्थिति देखिन्छ । यस्तो कार्यमा नियन्त्रण गर्नु पर्दछ । | |

| | | |
|---|---|---|
| १ | श्रीपुर रामजानकी मन्दिर देखि गणेशपुर जाने बाटो ग्रेभल | ९६४५४ |
| २ | रोवन माझी को घर देखि पुर्व सम्म ग्रेभल | ९५५७६ |
| ३ | रामभउरी छठीघाट व्यवस्थापन | ९७००० |
| ४ | छठीघाट मर्मत सम्भार | ९६५३९ |
| ५ | अधुरो छठीघाट मर्मत सम्भार | ९७००० |
| ६ | साविक वार्ड नं. १ म मन्दिर निर्माण | ९७००० |
| ७ | सखुवा प्रसौनी गा.पा. ५ नं. वडा साविक वडा नं. ३ महुवन हनुमान मन्दिर अधुरो | ९३६६५.५८ |

| | | |
|---|---|---|
| ८ | दोहरी पेट्रोल पम्प देखि दोहरी गाउको पश्चिम पटटी रामजानकी मन्दिर सम्म माटो तथा ग्रेभल | ९२०४३ |
| ९ | कलयानपुर बाटो जाने मर्मत वार्ड ४ | ७८८२५ |
| १० | सडक मर्मत कार्य, माटो पुरी ग्रेभल | ७३२८६ |
| | जम्मा | ९१७३८८.५८ |

३०. **सिधै खरिदः** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८(२) मा प्रतिस्पर्धालाई सिमिति हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु नहुने व्यहोरा उल्लेख छ । कार्यालयले पुजिगत खर्च तर्फका सडक निर्माण, नाला निर्माण तथा माटोपुरी ग्रभेल लगायतका निम्न योजनाहरु टुक्रा कार्यकम तथा प्याकेज स्विकृत गरी बिना प्रतिस्पर्धा लागत अनुमानकै हाराहारीमा रु. १०४७६५७४।२३ मा सम्झौता गरी सोहि बमोजिम भुक्तानी गरेको छ । तसर्थ ऐन बिपरीत बिना प्रतिस्पर्धा भएको खरीद कार्य मितव्ययी र नियमित देखिएन । ससाना योजना तथा कार्यक्रममा वजेट विनियोजन गर्ने कार्यमा नियन्त्रण गरी अधिकतम प्रतिस्पर्धा हुने गरी खरीद व्यवस्थापन गर्नु पर्दछ ।

| सि.नं. | भौ.नं.मिति | आपूर्तक | मु.अ.कर बाहेकको रकम | काम |
|---|---|---|---|---|
| १ | ९६/२०७६/२/१९ | अनुष्का कन्स्ट्रक्सन (६०८९७२४६६) | ४२६७०७।०० | कल्भर्ट |
| २ | ९८/२०७६/२/१९ | राहुल कन्स्ट्रक्सन (३०५३१६६४४) | ३३९२०२।०३ | ग्राभेल |
| ३ | १०१/२०७६/२/२४ | कादम्बरी कन्स्ट्रक्सन (६०५४३१७२४) | १७००५४।४० | ग्राभेल |
| १२ | १९०/२०७६/३/३० | सुमित एण्ड अमित कन्स्ट्रक्सन ( ३०३४५८६६५) | ४५८८६१।३८ | नाला |
| १४ | १९५/२०७६/३/३० | श्रेष्ठ कन्स्ट्रक्सन (६०३३९९०७१) | ४२७०७९।८९ | माटो पुरी ग्राभेल |
| १५ | १९६/२०७६/३/३० | मृत्युजन्म निर्माण सेवा ( ६०८५७८६८४) | ४२५२९३।०० | ग्राभेल |
| १६ | १९७/२०७६/३/३० | किरण निर्माण सेवा (३०३४५५०९७) | ३९८१०६।०० | नाला ढलान |
| २० | २०१/२०७६/३/३१ | सलौनी कन्स्ट्रक्सन (३०२७९६३३९) | ४८०४४५।७० | ग्राभेल नाला |
| २१ | २०२/२०७६/३/३१ | राजिव कन्स्ट्रक्सन (६१०५४६८००) | २५५५८६।०० | कुलो सरसफाइ |
| २२ | २०३/२०७६/३/३१ | पिन्टु कन्स्ट्रक्सन (३०३२३८६५) | २५५८६९।८३ | कुलो सरसफाइ |
| २६ | २०७/२०७६/३/३१ | रजनिस कन्स्ट्रक्सन (६०७५२०६३७) | ४२६३२१।०० | सिढी निर्माण |
| २७ | २१०/२०७६/३/३१ | न्यू ग्यालेक्सी इन्टरनेशनल ( ६०३०९३२६७) | ४४२०००।०० | सि.सि.टि.भि |
| २८ | २१२/२०७६/३/३१ | वनदेवी निर्माण ससेवा (६७५१९३३२७) | ४२७४८९।०० | माटोपुरी ग्राभेल |
| २९ | २१४/२०७६/३/३१ | सुमित एण्ड अमित कन्स्ट्रक्सन ( ३०३४५८६६५) | ३७५६९५।०० | नाला तथा ढलान |
| ३० | २१५/२०७६/३/३१ | सविना कन्स्ट्रक्सन (६०८२८४३८७) | ४२६४३६।०० | सडक तथा नाला |
| ३१ | १४८।०७६।३।२५ | सकिना कन्ष्ट्रक्सन,पर्सा | ४२६०७६।०० | वडा न.२ सडक ग्राभेल |
| ३२ | १०४।०७६।२।२६ | सचिन कन्ष्ट्रक्सन,पर्सा | ४२५२४६।०० | वडा नं. ५ श्रोतकेद्र मर्मत |
| ३३ | १०९।०७६।३।१ | डि.के.विल्डर्स,पर्सा | ४२८३३८।०० | वडा नं.१ सडक ग्राभेल |
| ३४ | ११३।०७६।३।३ | दोकरीमाई कन्ष्ट्रक्सन,पर्सा | ४२७५२३।०० | सियरी खोला बाध तटवन्ध |
| ३५ | ११९।०७६।३।१२ | गहवामाई निर्माण सेवा,पर्सा | ४२७८३०।०० | वडा न. ६ नहररोड |

| | | | | |
|---|---|---|---|---|
| ३६ | १२०।०७६।३।१२ | अंकितएण्डरोशनी कन्स्ट्रक्सन,पर्सा | ३३९३०८।०० | नाला निर्माण,जमुनिया |
| ३७ | १२२।०७६।३।१२ | तृप्ती कन्स्ट्रक्सन,पर्सा | ४२४४७७।०० | वडा नं.५र६ नाला निर्माण |
| ३८ | १२५।०७६।३।१५ | सर्चसप्ट नेपाल प्रा.लि.काठमाण्डौ | ४४००००।०० | सप्टवेयर निर्माण |
| ३९ | १२६।०७६।३।१७ | आहाना कन्स्ट्रक्सन,पर्सा | ३४१६३१।०० | गढीमाई बाटो ग्राभेल |
| ४० | १३१।०७६।३।१९ | संजय निर्माण सेवा,पर्सा | २९९०६१।०० | सडक निर्माण |
| ४१ | १४७०७६।३।२५ | आरम्भ कन्स्ट्रक्सन,पर्सा | ४२२९३८।०० | जमुनिया बाटो ग्राभेल |
| ४२ | १५३।०७६।३।२५ | सनी कन्स्ट्रक्सन,पर्सा | ३३९०००।०० | नाला निर्माण |
| | | **जम्मा** | १०४७६५७४।२३ | |

३१. **मु.अ.कर ५० प्रतिशत कट्टा नगरेको :** मु.अ कर ऐन २०५३ को दफा ६ (ग) बमोजिम २०७६।२।१६ देखि आपूर्ति हुने वस्तु र सेवा वापतको रकम भुक्तानी गर्दा भुक्तानी गर्ने मु.अ.कर रकमको ५०(पचास) प्रतिशतले हुन आउने रकम सम्बन्धित विक्रेताको नामबाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गरी बाँकी रहेको कर रकम मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । सो बमोजिम कार्यालयले कट्टी गरी राजश्वमा दाखिला गरेको देखिएन । तसर्थ उक्त रकम दाखिला भएको प्रमाण सहित कर दाखिला हिसाब पेश गर्नु पर्दछ । रु... २४१६३३९.००

| सि.नं. | भौ.नं.मिति | आपूर्तक | मु.अ.कर बाहेकको रकम | ६.५% छुट मु.अ.कर |
|---|---|---|---|---|
| १ | ९६/२०७६/२/१९ | अनुष्का कन्स्ट्रक्सन (६०८९७२४६६) | ४२६७०७।०० | २७७३६।०० |
| २ | ९८/२०७६/२/१९ | राहुल कन्स्ट्रक्सन (३०५३१६६४४) | ३३९२०२।०३ | २२०४८।०० |
| ३ | १०१/२०७६/२/२४ | कादम्बरी कन्स्ट्रक्सन (६०५४३१७२४) | १७००५४।४० | ११०५३।०० |
| ४ | १५४/२०७६/३/२५ | राकेश कन्स्ट्रक्सन (३०३४५८७६८) | १७०८००१।१४ | १११०२०।०० |
| ५ | १५५/२०७६/३/२५ | नारायणी कन्स्ट्रक्सन(३०१३४७०४६) | १७०८२८५।१८ | १११०३९।०० |
| ६ | १५६/२०७६/३/२५ | आरती कन्स्ट्रक्सन (६०७०६७२४६) | १२८२९२६।८७ | ८३३९०।०० |
| ७ | १५७/२०७६/३/२५ | जसौली निर्माण सेवा (६०५२३८८२२) | १२८४३५२।९० | ८३४८३।०० |
| ८ | १५८/२०७६/३/२५ | रितेश कन्स्ट्रक्सन | १२६७६८५।८८ | ८२३९९।०० |
| ९ | १६१/२०७६/३/३० | चौधरी निर्माण सेवा (३०१६८१००७) | ५०५४२९।१४ | ३२८५३।०० |
| १० | १६३/२०७६/३/३० | कालिका फर्निचर (६०४८४७८०१) | ८८४३४०।०० | ५७४८२।०० |
| ११ | १८८/२०७६/३/३० | स्यानियो इन्टरनेशनल | ३४७३४५१।३२ | २२५७७४।०० |
| १२ | १९०/२०७६/३/३० | सुमित एण्ड अमित कन्स्ट्रक्सन (३०३४५८६६५) | ४५८८६१।३८ | २९८२६।०० |
| १३ | १९१/२०७६/३/३० | इनर्जी नेपाल (३०५६१२३८४) | ३७३४००।०० | २४२७१।०० |
| १४ | १९५/२०७६/३/३० | श्रेष्ठ कन्स्ट्रक्सन (६०३३९९०७१) | ४२७०७९।८९ | २७७६०।०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १५ | १९६/२०७६/३/३० | मृत्युजन्म निर्माण सेवा ( ६०८५७८६८४) | ४२५२९३।०० | २७६४४।०० | | |
| | १६ | १९७/२०७६/३/३० | किरण निर्माण सेवा ( ३०३४५५०९७) | ३९८१०६।०० | २५८७७।०० | | |
| | १७ | १९८/२०७६/३/३१ | आरती कन्स्ट्रक्सन (३०२७९६५४८) | ३६८४००४।७५ | २३९४६०।०० | | |
| | १८ | १९९/२०७६/३/३१ | गोविन्द कन्स्ट्रक्सन (३०२७९६३५५) | ७०१३४८।३४ | ४५५८८।०० | | |
| | १९ | २००/२०७६/३/३१ | सलौनी कन्स्ट्रक्सन (३०२७९६३३९) | १६४३१६१।७३ | १०६८०६।०० | | |
| | २० | २०१/२०७६/३/३१ | सलौनी कन्स्ट्रक्सन (३०२७९६३३९) | ४८०४४५।७० | ३१२२९।०० | | |
| | २१ | २०२/२०७६/३/३१ | राजिव कन्स्ट्रक्सन (६१०५४६८००) | २५५५८६।०० | १६६१३।०० | | |
| | २२ | २०३/२०७६/३/३१ | पिन्टु कन्स्ट्रक्सन (३०३२३८६५) | २५५८६९।८३ | १६६३१।०० | | |
| | २३ | २०४/२०७६/३/३१ | अनुतका कन्स्ट्रक्सन ( ६०३९६८४५३) | ८५२९०६।०० | ५५४३९।०० | | |
| | २४ | २०५/२०७६/३/३१ | अर्चना कन्स्ट्रक्सन (६०८०९८७४६) | ८४२४२३।०० | ५४७५७।०० | | |
| | २५ | २०६/२०७६/३/३१ | गढीमाई सिभिल कन्स्ट्रक्सन ( ६०३९६८४५३) | २८५९२१४।०० | १८५८४९।०० | | |
